विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुद्धबाई, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

# रोहिणी गाउँपालिका
## रुपन्देही, लुम्बिनी प्रदेश

# रोहिणी राजपत्र

खण्ड: संख्या: मिति:२०८०।१२।१८

## भाग-२
## रोहिणी गाउँपालिका

कार्यपालिकाबाट प्रमाणीकरण मिति: २०१२।१२।१८

गाउँपालिका अध्यक्ष वालिका संरक्षण अभियान संचालन कार्यबिधी २०८० पहिलो संशोधन बिधेयक, २०८० ।

रोहिणी गाउँपालिकको गाउँपालिका अध्यक्ष वालिका संरक्षण अभियान संचालन कार्यबिधी २०८० मा केही संशोधन गर्न बाञ्छनीय भएकोले कार्यपालिकाको मिति २०८०।१२।१८ को निर्णयले तल लेखिए वमोजिम कार्यविधिमा संशोधन गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**गाउँपालिका अध्यक्ष वालिका संरक्षण अभियान संचालन कार्यबिधी २०८० मा देहाय बमोजिम संशोधन गरिएको छ**

१. गाउँपालिका अध्यक्ष वालिका संरक्षण अभियान संचालन कार्यबिधी २०८० को दफा १ को उपदफा च र ढ तथा दफा ३ को उपदफा क लाई देहाय बमोजिम संशोधन गरिएको छ ।

च. स्वास्थ्य संस्था भन्नाले रोहिणी गाउँपालिका क्षेत्र भित्र रहेका रोहिणी गाउँ कार्यापालिका कार्यालय मातहतका स्वास्थ्य संस्था सम्झनु पर्दछ साथै सो शब्दले रोहिणी गाउँ कार्यपालिका मातहतका स्वास्थ्य संस्थामा कम्तीमा दुई पटक नियमित गर्भ जाँच गराइ तत्पश्चात अन्यत्र प्रसुति भएको स्वास्थ्य संस्थालाई समेत जनाउनेछ।

ढ. बालिका भन्नाले रोहिणी गाउँपालिका भित्र स्थायी बसोबास गर्ने नेपाली नागरिकका १८ वर्ष भित्रको बालिकालाई सम्झनु पर्दछ ।

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इटहर्वा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

३ कार्यक्रममा आवद्ध हुने:

(क) वि.सं. २०७९ श्रावण १ गते वा सो भन्दा पछि स्वास्थ्य संस्थामा जन्मिएका बालिकाहरु मात्र यो कार्यक्रममा आवद्ध हुन सक्नेछन् बालिकालाई आवद्ध गराउनका लागि निजका अभिभावक वा संरक्षकले बालिका जन्मिएको स्वास्थ्य संस्थाबाट बालिकाको जन्म प्रमाण पत्र र सम्बन्धित वडा कार्यालयबाट जन्मदर्ता संलग्न गरी गाउँपालिकाले तोकेको स्वास्थ्य संस्थामा अनुसुचि १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्दछ ।

आज्ञाले
श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत